## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

### नगर कार्यपालिका वैठक,वैठक संख्या ११/०७७/०७८

आज मिति २०७७ साल फाल्गुन ०५ गते बुधवार विहान ८:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मन्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोषन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | प्रेम बहादुर लाङ्, | का.वा. वडाध्यक्ष, धरान-८ | |
| २. | | | |
| ३. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

**बैठकमा छलफल र निर्णय भएका विषयहरु :–**

१. **जनसहभागीताको रकम निर्धारण सम्बन्धमा :–**

उपभोक्ता समितिको समेत सहभागितामा संचालन गरिने योजनाहरूमा एक रूपता कायम गर्न सम्बन्धित उपभोक्ता समितिले ब्यहोर्नु पर्ने जनसहभागिताको रकमको प्रतिशत निर्धारण गर्नकालागि मिति २०७६।०३।१० गतेको कार्यपालिका बैठकको निर्णय भई प्रष्ट नभएको सम्बन्धमा २०७७।१०।१९ गतेको कार्यपालिकाको बैठकवाट ढल निर्माण प्रयोजनकालागि न्यूनतम १० प्रतिशत कायम गर्ने र सक्दो अधिकतम जनसहभागिता जुटाउन प्रयास गर्ने भनी निर्णय भएकोमा सो न्यूनतम १० प्रतिशत जनसहभागीता सबै निर्माणको कार्यको हकमा समेत लागू हुने निर्णय गरियो ।

२. **घर नक्सा पास र बाटोको मापदण्ड सम्बन्धमा :–**

वाटाहरूको मापदण्ड र घरनक्सा पास सम्बन्धमा भएका सम्पूर्ण समस्याहरूलाइ ब्यबस्थापन गर्न सम्बन्धीत शाखावाट विवरण तयार गरि सो सम्बन्धमा बिगतमा वनेको समितिका पदाधिकारीहरू सहित छलफल गरी निष्कर्षमा पुग्ने निर्णय गरियो ।

३. **बाटोको नामाकरण परिवर्तन सम्बन्धमा :–**

धरान १९ को डेन्टल गेटदेखि पानी ट्याङ्की हुदै ईलाका प्रहरी कार्यालयको भवन सम्मको सडकको नामाकरण साविकमा मुनामदन मार्ग भएकोमा स्थानीय टोलबासीहरूको सहमती र वडाको समेत सिफारिसमा विकास मार्ग नामाकरण गर्ने निर्णय गरियो ।

४. **भवन नक्सापास शाखाको सुधार गर्ने सम्बन्धमा :–**

यस उपमहानगरपालिकको भवन नक्सापास शाखाको काम कार्वाहिमा सुधार ल्याउन आजकै मिति देखि बाहिरी कन्सल्टेन्टका व्यक्तिहरूको शाखामा प्रवेशमा रोक लगाउने र आबश्यक कर्मचारीको व्यबस्था कार्यालयले गर्ने निर्णय गरियो ।

५. **भूमिहिन, अव्यबस्थित सुकुम्बासी व्यबस्थापन समितिमा सदस्य मनोनयन गर्ने सम्बन्धमा :–**

यस धरान उपमहानगरपालिकाको भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सहजीकरण समिति गठन गर्ने सम्बन्धमा लगत संकलन सम्बन्धि कार्यविधि २०७७ को १ (घ) अनुसार कार्यपालिकाको महिला सदस्यहरु मध्यबाट हिरादेवी राई र कल्पना मगर र १ (ङ) अनुसार संयोजकले मनोनयन गर्ने भूमि, आवास लगायतका क्षेत्रमा काम गरी रहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधिबाट नेपाल बसोबास बस्ति संरक्षण समाज धरानका सचिव सुवास राई र समाजसेवि पञ्चकला राई मनोनयन गर्ने निर्णय गरियो ।

६. **विविध विषय सम्बन्धमा :–**

**क) वालमैत्री वडा घोषणाकालागि स्वीकृत प्रदान गर्ने सम्बन्धमा :–**

धरान उपमहानगरपालिकालाई बालमैत्री नगर वनाउने अभियानमा वडावाट बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०८६ ले निर्धारण गरेका सुचक र चरणहरू पूरा गरी बालमैत्री वडा घोषणा गर्दैं नगरलाईनै बालमैत्री घोषणा गर्ने नीति अनुरूप वडा नं १६ ले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणानीतिले निर्धारण गरेका सम्पूर्ण सूचकहरू र तहगत खुड्किलाहरू पूरागरी मिति २०७७।११।१६ गते बालमैत्री वडा घोषणा गर्न अनुमति माग गरेकोमा उक्त मितिमा बालमैत्री वडा घोषणा गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**ख ) प्रजातन्त्र दिवस मनाउँने सम्बन्धमा :-** हरेक वर्ष फाल्गुन ७ गते मनाइने प्रजातन्त्र दिवसका सम्बन्धमा यस वर्षका लागि गृह मन्त्रालयबाट फाल्गुन ६, ७ र ८ गते विभिन्न कार्यक्रमहरुका साथ मनाउँने भनि भएको परिपत्र अनुसार वडाहरुमा समेत विभिन्न कार्यक्रमहरु आयोजना गरि प्रजातन्त्र दिवस मनाउँने साथै फाल्गुन ७ गते नगरपालिकाको

प्राङ्गनमा पुर्व सभामुख तथा उपप्रधानमन्त्री माननीय राम चन्द्र पौडेलज्यूका प्रमुख आतिथ्यतामा राष्ट्रिय प्रजातन्त्र दिवस मनाउँने र ८ गते हुने धरान रनको कार्यक्रममा वेलुन समेत उडाउँने निर्णय गरियो ।

**ग) डिपोर्ट स्कुलको जग्गा लिजको सिफारिस सम्बन्धमा :-** धरान-१८ वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान हाता भित्र सञ्चालनमा रहेको डिपोर्ट हाई स्कुलको जग्गा विगतमा वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग भोगाधिकारमा लिएकोमा नेपाल सरकारबाट भोगाधिकारमा जग्गा लिएकाले लिजमा आउँनु भनी सूचना प्रकाशन गर्दा विद्यालयबाट निवेदन नपरेको र भोगाधिकार अन्त्य भईसकेको हुँदा हाल विद्यालयले तारघेरा गरेको भित्रको जग्गा लिने व्यवस्था हुन सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था गरियो ।

**घ ) खेल मैदान निर्माण गर्ने सम्बन्धमा :-** धरान-१८ वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान हाता भित्र वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग भोगाधिकारमा डिपोर्ट हाई स्कुलले भोगाधिकारमा लिएको जग्गा मध्ये डिपोर्ट हाई स्कुललाई उपलब्ध गराउँन सिफारिस गरिएको बाहेकको साविकमा डिपोर्ट स्कुलले अन्य निकायलाई लिजमा दिएको जग्गा खेल मैदान प्रयोजनका लागि उपमहानगरपालिकाले सम्बन्धित निकायमा लिने गरि प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो ।

**ङ) सहजीकरण समिति गठन गर्ने सम्बन्धमा :-** हाल नेपाल सरकारबाट भूमिहिन, अव्यबस्थित सुकुम्वासी व्यबस्थापन समिति गठन गरि कार्यविधि समेत बनाई फर्म भर्ने काम भईरहेको र त्यसको सहजीकरण गर्नका लागि वडा तहमा समेत वडाध्यक्षको संयोजकत्वमा समन्वय समिति गठन हुने व्यवस्था भएकोमा कार्यविधि अनुसार सबै वडा तहमा समेत समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**च) लगतमा छुट भएका सुकुम्बासीहरुलाई घर नम्बर दिने सम्बन्धमा :-** यस उपमहानगरपालिकाबाट गठन गरिएको अव्यवस्थित बसोबास तथा सुकुम्वासी व्यवस्थापन समितिले २०७२ सालको नगरपालिकाले तयार पारि स्वीकृत गरेको वस्तीहरुको लगतको आधारमा घर नंम्बर वितरण गर्ने क्रममा लगत संकलन गर्न छुट भएको भनी आएकाहरुलाई २०७२ साल अगाडि देखी नै बसेको तर लगत संकलनमा छुटेकाहरुलाई निर्देशिका बमोजिम घर नं वितरण गर्ने निर्णय गरियो ।

**छ) आर्थिक सहयोग सम्बन्धमा :-**

- कुमारी राई, धरान-११ उपचार खर्च सहयोग रु.१५०००/-
- मेनुका लिम्बु, धरान-१५ क्यान्सर रोग उपचार खर्च सहयोग रु. २००००/-
- उत्तर कुमार श्रेष्ठ, धरान-१५ छिमेकिको घरमा आगलागिहुँदा भएको क्षति स्वरुप सहयोग रु. १५०००/-
- देशसुवास राई (कार्यालय सहयोगी ११ नं. वडा कार्यालय) काजक्रिया सहयोग रु. ५००००/-

**वैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा**